नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३
चलानी नं ५४०

मिति:२०८३/०३/३०
ने.सं. ११४६

श्री गाउँपालिका सबै
श्री नगरपालिका सबै

विषयः भूमि बैंकको स्थापना र सञ्चालन सम्वन्धमा ।

प्रस्तुत विषयमा भूउपयोग वर्गिकरण सम्वन्धी व्यवस्था कार्यन्वयन गर्न र भूमिको अधिकतम उपयोग गरेर उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले, व्यक्ति विशेषको उपयोगविहिन वा न्यून उपयोग भएको जग्गा निश्चित शर्त र सुविधामा उपयोगमा ल्याउन स्थानीय तहमा भूमि बैंक स्थापना गरी सञ्चालनमा ल्याउन भूउपयोग ऐन, २०७६ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी "भूमि बैंक (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८३" नेपाल सरकार (माननीय मन्त्रिस्तर) बाट मिति २०८३/३/१५ मा स्वीकृत भई विधायन ऐन, २०८१ को दफा २४ बमोजिम कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा दर्ता भइसकेको हुँदा उक्त कार्यविधि बमोजिम भूमि बैंक स्थापना गरी सञ्चालनमा ल्याउन स्थानीय तहमा पत्राचार गर्न योजना अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट अनुरोध भई आएको पत्र यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।साथै "भूमि बैंक (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८३" मन्त्रालयको वेवसाइट https://molcpa.gov.np मा प्रकाशन गरिएको व्यहोरा समेत अनुरोध छ ।

प्रकाश पन्थी
शाखा अधिकृत

बोधार्थ:
श्री योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा
श्री सूचना प्रविधि शाखा:वेवसाईटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना अनुगमन तथा मूल्यांकन महाशाखा)
सिंहदरबार, काठमाडौं
फोन : ९७७-०१-४२११६६६

पत्र संख्याः २०८२/८३
च.नं. ८S६

मितिः२०८३।३।२६
नेपाल संवत् ११४६

विषयः परिपत्र सम्बन्धमा।

श्री सङ्घीय मामिला महाशाखा,

प्रस्तुत विषयमा भूउपयोग वर्गीकरण सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न र भूमिको अधिकतम उपयोग गरेर उत्पादकत्व वृद्धि गर्ने उद्धेश्यले, व्यक्ति विशेषको उपयोगविहीन वा न्यून उपयोग भएको जग्गा निश्चित शर्त र सुविधामा उपयोगमा ल्याउन स्थानीय तहमा भूमि बैङ्क स्थापना गरी सञ्चालनमा ल्याउन भूउपयोग ऐन, २०७६ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी "भूमि बैङ्क (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८३" नेपाल सरकार (माननीय मन्त्रिस्तर) बाट मिति २०८३/०३/१५ स्वीकृत भई विधेयन ऐन, २०८१ को दफा २४ बमोजिम कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट दर्ता भईसकेको छ। यस कार्यविधि बमोजिम भूमि बैङ्क स्थापना गरी सञ्चालनमा ल्याउन स्थानीय तहहरुमा तहाँ मार्फत परिपत्र गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

पुनश्चः "भूमि बैङ्क (स्थापना तथा सञ्चालन) कार्यविधि,. २०८३ https://molcpa.gov.np मा प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

.................
०८३।३।२६
(ई.नमुना घिमिरे)
नापी अधिकृत